**सुदूरपश्चिम विश्वविद्यालय**
**ईन्जिनियरिङ्ग संकाय**
**परीक्षा सञ्चालन तथा व्यवस्थापन निकाय**
**महेन्द्रनगर, कञ्चनपुर**

प.सं २०८३/०८४
सूचना नं. ०७

**सूचना प्रकाशित मिति २०८३/०५/०३**

## स्नातका तह चौथौ वर्ष दोस्रो खण्ड(आठौ सेमेष्टर)को मौका परीक्षा दिने परीक्षार्थीहरुको परीक्षा आवेदन फाराम भर्ने सम्बन्धि सूचना ।

सुदूरपश्चिम विश्वविद्यालय परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०८१ को परिच्छेद ३ को नियम ३.१.४ बमोजिम मौका परीक्षा(Chance Exam) मा "नियमित रुपमा सहभागी भई सैद्धान्तिक परीक्षामा बढीमा दुई विषयमा मात्र अनुतीर्ण साथै अन्य सम्पुर्ण अघिल्ला सेमेष्टरका परीक्षाहरु उतीर्ण गरेका बिद्यार्थीहरु भागलिन पाउने छन्" भन्ने व्यवस्था अनुसार इन्जिनियरिङ्ग संकाय परीक्षा सञ्चालन तथा व्यवस्थापन निकाय, महेन्द्रनगरले बि.स. २०८३ जेठ-असार मा सञ्चालन भएको स्नातक तह अन्तर्गत **चौथौ वर्ष दोस्रो खण्ड(आठौ सेमेष्टर)को मौका परीक्षामा** सहभागी हुने परीक्षार्थीहरु स्वयम्ले देहायको विवरण अनुसार परीक्षा आवेदन फाराम भरी आफू अध्ययनरत स्कूल/कलेजमा मिति २०८३ भाद्र १० गते भित्र बुझाउन हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**देहाय:**

१. परीक्षा आवेदन फाराम परीक्षार्थी स्वयम्ले भरी बुझाउनु पर्नेछ ।

२. परीक्षा आवेदन फाराम भर्दा पाठ्यक्रमले तोके बमोजिमका बिषयहरु भर्न भराउनु पर्नेछ । अन्यथा भएमा निकाय जवाफदेही हुने छैन ।

३. परीक्षा आवेदन फाराममा परीक्षा दिने सैद्धान्तिक बिषयको कोड नम्बर सहित पुरा नाम स्पष्ट खुलाएर लेख्नु पर्नेछ ।

४. स्कूल/कलेजले तोकिएको मिति भित्र परीक्षा आवेदन फाराम पठाउनु पर्नेछ ।

५. स्कूल/कलेजले तोकिएको समय भित्र परीक्षार्थीहरुका परीक्षा आवेदन फाराम बुझी बिद्यार्थीले भरेका प्रत्येक फारामहरु अंग्रेजी बर्णानुक्रमानुसार स्पष्ट विवरण राखी बिद्यार्थीको नाम, रजिष्ट्रेशन नम्बर र विषयहरु ठीक भए नभएको रुजू गरी सोको एक प्रति हस्ताक्षर सहित प्रिन्ट गरी तथा बिधुतीय प्रति समेत पठाउनु पर्नेछ ।

६. परीक्षार्थीले हालसालै खिचेको दुई प्रति एकनाशको पासपोर्ट साईजको फोटो टाँसी फोटो र फाराममा समेत पर्ने गरी स्कूल/कलेज प्रमुखको हस्ताक्षर हुनु पर्नेछ ।

७. स्कूल/कलेजले पहिलो म्याद सकिएको २ दिन भित्र सुपवि इन्जिनियरिङ्ग संकायको नेपाल बैङ्क लिमिटेड महेन्द्रनगरको खाता नम्बर १५६००१०७२६९१६९००००१ मा एकमुष्ट परीक्षा दस्तुर रकम जम्मा गरी सोको भौचर सहित अनिवार्य रुपमा परीक्षा सञ्चालन तथा व्यवस्थापन निकायमा बुझाई सक्नु पर्नेछ ।

८. साधारण म्याद सकिएको ७ दिन सम्म दोब्बर दस्तुर लिई परीक्षा आवेदन फाराम बुझ्न सकिनेछ ।

९. परीक्षा शुल्क प्रति सेमेष्टर स्नातक तह लाई रु १०००। लाग्नेछ ।

..............
(उप प्रा.जनार्दन जोशी)
परीक्षा प्रमुख